म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १०८ बुधबार १४ मंसिर २०७९ ने. सं. ११४३ थिंलाथ्व 30 November, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चिप्लेटीमा इम्प्लान्ट शिविर

हेटौंडा, १३ मंसिर/हेटौंडा उपमहानगरपालिका-१५ चिप्लेटीमा इम्प्लान्ट शिविर भएको छ । हेटौंडा उपमहानगरपालिकाले वडा नम्वर १५ को चिप्लेटीमा इम्प्लान्ट शिविर आयोजना गरेको हो । शिविरमा १७ जना महिलालाई इम्प्लान्ट लगाईएको हेटौंडा उपमहानगर पालिकाकी सिनियर अनमी निरीक्षक मुना थापाले जानकारी दिइन् । उपमहानगरपालिकाको नियमित कार्यक्रम अन्तर्गत इम्प्लान्ट शिविर आयोजना गरेको उनको भनाई छ । स्थानीयको मागको आधारमा उपमहानगरपालिकाको क्षेत्र भित्र शिविर संचालन गर्ने थापाले बताइन् । इम्प्लान्ट महिलाको पाखुराको छालाभित्र घुसाएर राख्ने गर्भ निरोधक परिवार नियोजनको साधन हो । यो साधन गर्भ धारण रोक्नका लागि धेरै सुरक्षित र भरपर्दो रहेको अनमी थापाको भनाई छ । खासगरी महिलाहरुको महिनावारीको पहिलो सात दिनभित्र इम्प्लान्ट लगाउनु पर्ने उनले बताइन् । चिप्लेटी शहरी स्वास्थ्य केन्द्रको सहकार्यमा शिविर संचालन भएको थियो ।

# बागमती प्रदेशसभामा ७ प्रतिशत मात्रै महिला प्रत्यक्ष निर्वाचित

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ बागमती प्रदेशसभामा ७ दशमलव ५ प्रतिशत मात्रै महिला प्रत्यक्ष निर्वाचित भएका छन् ।




मंसिर ४ गते भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा प्रदेश सभा तर्फ बागमती प्रदेशमा ७ दशमलब ५ प्रतिशत मात्रै महिला उम्मेदवार निर्वाचित भएका हुन् । प्रदेश सभाको पहिलो हुने निर्वाचित हुने प्रणाली प्रत्यक्ष तर्फ ५ जना मात्रै महिला निर्वाचित भएका छन् ।

बागमती प्रदेश सभाको प्रत्यक्षतर्फ ६६ निर्वाचन क्षेत्र रहेकोमा ५ जना मात्रै महिला प्रत्यक्षमा विजयी भएका छन् । प्रदेशको दोलखा बाहेक १२ जिल्लाको हालसम्मको नतिजा अनुसार ५ विजयी महिला उम्मेदवारमध्ये नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रका २/२ जना रहेका छन् ।

यस्तै नेकपा एकीकृत समाजवादीबाट १ उम्मेदवार विजयी भएका छन् । ५ जना विजयी उम्मेदवार गठबन्धनबाट चुनावी प्रतिस्पर्धामा थिए । ५ जनाको प्रतिस्पर्धा नेकपा एमालेका उम्मेदवार सँग मात्र भएको हो । हालसम्म बागमती प्रदेशमा नेपाली कांग्रेसले २४ सिट जितेको छ भने माओवादी केन्द्रले १४ सिट र नेकपा एमालले १२ सिट जितेको छ । एकीकृत समाजवादीले ५ सिट जितेको छ ।

सत्ता गठबन्धनका दलले ४३ सिट जितेकाले यही गठबन्धन कायम रहेको खण्डमा सत्तारुढ गठबन्धनकै सरकार बन्ने सम्भावना छ । राष्ट्रिय प्रजातन्त्र पार्टीले ८ सिट जितेको छ । मजदुर किसान पार्टीले १ र हाम्रो नेपाली पार्टीले १ सिट जितेको छ ।

बागमती प्रदेशमा दोलखाको १० वटा विवादित निर्वाचन केन्दमा पुन: मतदान हुने भएकाले त्यहाँको नतिजा आइसकेको छैन । ती दुवै प्रदेशसभाको क्षेत्रमा महिला उम्मेदवार छैनन् ।

बागमती प्रदेश सभामा प्रत्यक्ष तर्फ प्रतिनिधित्व गर्ने महिलाहरुमा मकवानपुर निर्वाचन क्षेत्र नम्बर २ को १ बाट नेकपा माओवादी केन्द्री कुमारी मुक्तानले जित हासिल गरिन् । उनले एमालेका विष्णुप्रसाद ढकाललाई ३ सय २ मतान्तरले हराइन् । उनले १९ हजार ८ सय ७३ मत ल्याइन् भने ढकालले १९ हजार ५ सय ५१ मत प्राप्त गरेका थिए । मुक्तान प्रदेशको वहालवाला सामाजिक मन्त्री हुन् ।

यस्तै माओवादी केन्द्रकी राधिका तामाङ नुवाकोट क्षेत्र नम्बर १ को १ बाट विजयी भइन् । उनले १६ हजार १ सय ६१ मत प्राप्त गर्दा उनका निकटतम प्रतिद्वन्द्वी एमालेका सुशीलकुमार खड्काले ११ हजार ३ सय ५० मत पाए । यसैगरी सिन्धुपाल्चोलकको निर्वाचन क्षेत्र १ (१) बाट नेपाली कांग्रेसकी मसिना खड्का भण्डारीले जित हात पारिन् । उनले १४ हजार ६ सय ५२ मत ल्याइन् भने उनका निकटतम प्रतिद्वन्द्वी तामाङले १३ हजार ४ सय ९० मत ल्याए । यो क्षेत्रमा राप्रपाकी महिला उम्मेदवार निर्मला श्रेष्ठले २ हजार ६७ मत ल्याइन् ।

काठमाडौंका २० प्रदेशसभा निर्वाचन क्षेत्रमध्ये ६ (१) बाट नेपाली कांग्रेसकी हरिप्रभा खड्गी विजयी भइन् । उनी काठमाडौं महानगरपालिकाकी पूर्वउपमेयर हुन् । उनले पनि एमालेका निरेशलाल सिंह महर्जनलाई हराइन् । उनले ४ हजार ६ सय ५६ मत ल्याउँदा महर्जनले ३ हजार ९ सय ३६ मत पाए ।

यस्तै काठमाडौं १० (२) बाट एकीकृत समाजवादीकी रमा आले मगरले एमालेका रामशरण ओल मगरलाई पछि पार्दै जित हासिल गरेकी छिन् । उनी यसअघि पनि सोही क्षेत्रबाट प्रदेशसभामा विजयी भएकी थिइन् । उनले ५ हजार ८ सय १८ मत ल्याइन् भने एमालेका उम्मेदवारले ५ हजार १ सय ८८ मत ल्याए । महिलालाई समानुपातिकमा राख्ने तर प्रत्यक्षमा अवसर नदिएका कारण समेत प्रदेशसभाको प्रत्यक्ष तर्फ महिला उम्मेदवार कम रहेकाले पनि जित हासिल गर्ने महिलाको संख्या कम हुन पुगेको बताइन्छ ।

# ३ नम्बर वडालाई बालमैत्री घोषणा गर्न सामूहिक प्रतिबद्धता

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ हेटौंडा उपमहानगरपालिका वडाहरु धमाधम बालमैत्री घोषणाका लागि तयारीमा जुटेका छन् । मंगलबार हेटौंडाको ३ नम्बर वडा कार्यालयमा बालमैत्री घोषणा बारे सामूहिक प्रतिबद्धता जनाइएको छ ।

यसअघि १ र २ नम्बर वडाले आफ्नो वडालाई बालमैत्री घोषणा गर्न सामूहिक प्रतिबद्धता जनाइसकेको हो । ३ नम्बर वडा कार्यालयको आयोजनामा बालमैत्री स्थानीय शासन नीतिगत प्रक्रियागत कार्यान्वयनका लागि अबलम्बन तथा घोषणा सम्बन्धी वडास्तरीय अभिमुखीकरण कार्यक्रम गरी प्रतिबद्धता जनाइएको हो ।

२०८० असोज मसान्त भित्र यस वडालाई बालमैत्री स्थानीय शासन वडा घोषणा गर्ने सर्वपक्षीय व्यक्तित्वहरुबाट प्रतिवद्धता व्यक्त गरिएको हो । कार्यक्रममा प्रशिक्षक विष्णु प्रसाद चौवेले बालमैत्री वडा कार्यान्वयन सम्बन्धि सहजीकरण गरेका थिए ।

हेटौंडा उपमहानगर पालिकालाई भने २०८० मंसिर मसान्तसम्म बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणा गर्ने तयारी छ । जसकारण आगामी वर्षको मंसिर अगाडि नै हेटौंडाका वडाहरुलाई बालमैत्री घोषणा गर्न लागिएको हो । सबै वडाहरु बालमैत्री घोषणा भएपछि उपमहानगरलाई नै घोषणा गरिने तयारी छ । वडाहरुमा बालमैत्री घोषणाका लागि थालिएका अभिमुखीकरण कार्यक्रमका लागि उपमहानगरपालिकाबाट टोली निरन्तर खटिएको छ । हरेक वडाहरुमा बालमैत्री घोषणा सम्बन्धि अभिमुखीकरण गरी सामूहिक प्रतिबद्धता जनाएर काम सुरु गर्ने तयारी उपमहानगरको रहेको प्रवक्ता तथा १ नम्बर वडाका वडाध्यक्ष सुविन न्यौपानेले जानकारी दिए ।



३ नम्बर वडामा भएको कार्यक्रममा उपमहानगरको महिला बालबालिका विकास महाशाखा प्रमुख विष्णु कुमारी लामिछानेले कार्यक्रमको उद्देश्य बारे जानकारी गराएकी छन् । वडा अध्यक्ष ढलक बहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रममा जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, १५ वटा टोल विकास संस्थाका अध्यक्ष, युवा क्लब, बाल क्लब सञ्जाल, विद्यालयका प्रधानाध्यापक तथा विव्यस अध्यक्षहरु, महिला स्वयम्सेविका, स्वास्थ्य कार्यालय प्रमुख, विद्यार्थीलगायतको उपस्थिति थियो । ३ नम्बर वडामा बालमैत्री घोषणाका लागि गर्नुपर्ने ५१ वटा सूचकहरुमा काम तीव्र गतिले सुरु गरिने वडा सचिव महेन्द्र चापागाईले जानकारी दिए ।

## व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क नम्बर:**
९८४५०२७०६४/९८५५०६८०३८

# १४ जना डेंगु संक्रमित थपिए

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ मकवानपुरमा १४ जना डेंगु संक्रमित थपिएका छन् ।

जिल्लामा मंगलबार १४ जना डेंगु संक्रमित थपिएका हुन् । योसँगै डेंगु संक्रमितको संख्या ५ हजार ७५९ जना पुगेको छ । स्वास्थ्य कार्यालय मकवानपुरको उक्त तथ्याङ्क गत साउन महिनादेखि मंगलबार सम्मको हो । जसमा ३ हजार १५५ जना पुरुष र २ हजार ६०४ जना महिला रहेका छन् ।

जिल्लाको १० स्थानीय तहमध्ये सबैभन्दा धेरै डेंगु संक्रमित हेटौंडा उपमहानगरपालिकामा रहेका छन् । जसअनुसार, हेटौंडा उपमहानगरपालिकामा २ हजार ३७४ जना पुरुष र १ हजार ९२८ जना महिला गरी ४ हजार ३०२ जनामा डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ । यस्तै, डेंगु संक्रमण पुष्टि हुनेमा मनहरी गाउँपालिकामा ५२८ जना पुरुष र ४८३ जना महिला गरी १ हजार ११ जना, थाहा नगर पालिकामा १०८ जना पुरुष र ६७ जना महिला गरी १७५ जना, मकवानपुरगढी गाउँपालिकामा ४५ जना पुरुष र ३२ जना महिला गरी ७७ जना, बागमती गाउँपालिकाका ४ जना पुरुष र ४ जना महिला गरी ८ जना रहेका छन् ।

यसैगरी, इन्द्रसरोवर गाउँपालिकाका एक जना पुरुष र २ जना महिला गरी ३ जना, कैलाश गाउँपालिकाका ५ जना पुरुष र ३ जना महिला गरी ८ जना, भीमफेदी गाउँपालिकामा २४ जना पुरुष र २४ जना महिला गरी ४८ जना, बकैया गाउँपालिकामा १७ जना पुरुष र २८ जना पुरुष गरी ४८ जना, र 	क्सिराङ गाउँपालिकमा १९ जना पुरुष र ६ जना महिला गरी २४ जना, हाल ठेगाना नखुलेका १६ जना पुरुष र १७ जना महिला गरी ३३, अन्य जिल्लाका १४ जना पुरुष र १० जना महिला गरी २३ जनालाई संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

# वडाध्यक्ष श्रेष्ठको सरकारी सुविधा बालबालिकाको शिक्षामा

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ मकवानपुरको ईन्द्रसरोबर गाउँपालिका-२ का वडाध्यक्ष सुमन श्रेष्ठले आफूले पाएको सरकारी सेवा सुविधाबाट बालबालिकाको विद्यालयमा भर्ना तथा मासिक शुल्क तिरेका छन् ।

आफ्नो कार्यकालभर प्राप्त हुने तलब सुविधा सामाजिक काममा खर्च गर्ने घोषणाका साथ स्थानीय तहको निर्वाचनमा भाग लिएका श्रेष्ठले आफूले पाएको रकम समाजसेवामा खर्चन सुरु गरेका हुन् ।

उनले सोमबार ईन्द्रसरोबर गाउँपालिका स्थित सिस्नेरीमा रहेको बत्सलादेवी माध्यमिक विद्यालयमा अध्ययनरत ७ जना विद्यार्थीलाई भर्ना र मासिक शुल्क गरी ३२ हजार ५ सय रुपैयाँ सहयोग गरेका छन् ।


न्यून वर्गीय विद्यार्थी छनौट गरि उनीहरुको शिक्षामा सहजताको लागि उक्त सहयोग गरिएको वडाध्यक्ष श्रेष्ठले बताए । आफ्नो कार्यकाल भरी आफ्नो तलब भत्ताको रकम असहाय वृद्धवृद्धा र न्यून वर्गीय विद्यार्थीलाई सहयोग गर्ने उनले पतिवद्धता दोहोर्याए । विद्यालयमा वडाको बजेटबाट न्यानो कपडासमेत वितरण गरिएको उनले बताए ।

## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

**सेवाहरु:**
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

"कडा अनुशासन, स्तरीय शिक्षा"
ADMISSION OPEN
BBS
CLASSES ARE STARTING FROM MANSIR 18
ENROLL NOW



Hetauda School of Management and Social Sciences
Hetauda-4, Makawanpur
info@hsm.edu.np
057524701, 057524711
9855074222
www.hsm.edu.np

साझाकुरा

## हाम्रो कुरा

# गोदाममा मल, खेतबारीमा अभाव

देशभरका किसानहरुले खेतबारीमा हाल्ने समयमा मल नपाउने गरेको समाचार खासै नौलो होइन । आवश्यकता अनुसार रासायनिक मल नपाउँदा किसानहरुले खेतबारीको क्षमता अनुसार उत्पादन लिन सकिरहेका छैनन् । यो समस्याबाट मकवानपुर जिल्ला पनि अछुतो छैन । मल अभावले चरम सीमा पार गरेपछि दुई वर्ष अघिदेखि कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशनले भारतबाट अनुदानमा आयात गरेको मललाई मकवानपुरको हरेक पालिकासंगको समन्वयमा वडास्तरमा डिलर खडा गरेर कोटा निश्चित गरेर वितरण गर्दै आएको थियो । तर, अहिले मल गोदाममा आएर बसेको भएपनि गाउँमा मल अभाव भइरहँदा पनि सम्बन्धित निकाय मौन भएको पाइएको छ ।

सोमबार मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ बाट नवनिर्वाचित प्रतिनिधिसभा सदस्य महेश बर्तौलाले हेटौंडाको सरकारी मल गोदाममा अनुगमन गरेको समाचारले चर्चा पायो । मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट प्रतिनिधि सभामा निर्वाचित भएको प्रमाणपत्र बुझेपछि बर्तौलाले हेटौंडास्थित कृषि सामाग्री कम्पनि लिमिटेडको मल गोदाममा गएर निरीक्षण गरे । किसानहरुले पर्याप्त मल समयमै नपाउनुको कारण, मलको भण्डारण स्थितिबारे जानकारी लिए । लिमिटेडले भने स्थानीय तहका कर्मचारी र सहकारी संस्थाहरुका कारण समयमा नै मल वितरण गर्न समस्या भएको सांसद् बर्तौलालाई जानकारी गरायो । यसबाट के बुझिन्छ भने सरकारले समयमै ल्याएको मल पनि स्थानीय तहको निष्क्रियता र डिलर लिएका सहकारी संस्थाहरुको लापरबाहीको कारण किसानमाझ वितरण हुन नसकेको स्पष्ट भएको छ ।

मल पाइएन भन्ने तर, आएको मललाई व्यवस्थित तरिकाले किसानमाझ पुर्‍याउन नसक्नु स्थानीय सरकारको गम्भीर त्रुटि हो । डिलर लिएर मल वितरण चुस्त तरिकाले गर्न नसक्नु सहकारी संस्थाहरुको कमजोरी हो । यस्तो कमजोरी हुन नदिन सबै पक्ष गम्भीर भएर लाग्नुपर्छ । र, सांसद्हरुले गोदाम गोदाम भ्रमण गर्नुको साटो देशभर मल अभाव हटाउन नीतिगत व्यवस्था गरेर पर्याप्त मल भित्र्याउन सक्नुपर्छ ।

# अस्थिर विगत उल्ट्याउने मतपरिणाम



**खिमलाल देवकोटा**

निर्वाचन कुनै नयाँ अवधारणा होइन । सुरुमा यसबारे केही मननीय भनाइ स्मरण गरौं । मार्क्सवादले निर्वाचनलाई लोकतन्त्रको पर्यायका रूपमा हैन कि उत्पीडितहरूलाई शोषण गर्ने लाइसेन्स नवीकरणको अभिनयका रूपमा व्याख्या गर्दछ । जर्मन दार्शनिक कार्ल मार्क्सले निर्वाचनलाई उत्पीडित वर्गको एउटा यस्तो अवसरको रूपमा व्याख्या गरेका छन् जुन आवधिक रूपमा आउँछ र कुन विशेष प्रतिनिधिले उत्पीडित वर्गलाई शोषण र दमनका लागि प्रतिनिधित्व गर्ने भन्ने अनुमति प्रदान गर्दछ ।

निर्वाचन द्वन्द्वोत्तर मुलुकहरूका लागि द्वन्द्व समाधानको एक अचूक उपाय पनि हो । यस अर्थमा द्वन्द्वको कारणको सम्बोधन गर्ने र विगतका घाउहरूमा मल्हमपट्टी लगाउने जिम्मेवारी हस्तान्तरण गर्दछ । द्वन्द्वोत्तर मुलुक दक्षिण अफ्रिकी अश्वेत नेता नेल्शन मण्डेला भन्छन्- देश बनाउने र देशलाई एकताबद्ध बनाइराख्ने हो भने विगतको घाउ निको पार्न जरूरी छ । चुनाव अघि मसँग निर्ममतापूर्वक लड्ने मानिसहरू सँगसँगै मैले काम गर्नुछ । निर्वाचित नेता र बहुमत प्राप्त दलको नेता हुनुका नाताले त्यो जिम्मेवारी मैले नै पूरा गर्नुपर्छ, अरूले हैन ।

निर्वाचनकै बारेमा अमेरिकी राष्ट्रपति अब्राहक लिंकन भन्छन्- यो सम्पूर्ण रूपमा जनताको इच्छाको अभिव्यक्ति हो । भलो वा कुभलो जनताले नै व्यहोर्ने हो । चुनाव जनताको हो, यो उनीहरूकै निर्णय हो । यदि उनीहरू आफ्नो पिठ्युँ आगोमा सेकाउन मनपराउँछन् र सेकाउँदै गर्दा आफ्नो पिठ्युँ जलाउन पनि पछि पर्दैनन् भने जलेको पिठ्युँको घाउ लिएर उनीहरूलाई बाँच्नुपर्छ, अरूले हैन ।

पश्चिमा लोकतन्त्रप्रति आक्रोश व्यक्त गर्दै महात्मा गान्धी निर्वाचनका नाममा कहलिने पश्चिमा लोकतन्त्र लुकेको फाँसीवाद बाहेक केही हैन भन्छन् । गान्धी भन्छन्- लोकतन्त्रप्रतिको मेरो धारणा यो हो कि यसले त कमजोर र बलिया सबैलाई समान अवसर दिन्छ तर आज पश्चिमाहरू लोकतन्त्रका नाममा जे गरिरहेका छन्, त्यो लोकतन्त्रको कभरमा लुकेको फाँसीवाद बाहेक केही हैन । लोकतन्त्र भनेको त कमजोरहरूको संरक्षण हो । साँचो अर्थमा लोकतन्त्र भनेको आधारभूत जनताको शासन हो निर्वाचनका नाममा छानिएका र केन्द्रमा बसेका बीस जनाको शासन किमार्थ पनि हैन ।

### अस्थिर राजनीतिको नेपाल सन्दर्भ

माथिका मननीय भनाइहरूलाई सम्झँदै नेपाली निर्वाचनको समीक्षा गर्दा हामी कहाँ छौं भन्ने कुराको मोटामोटी आकलन गर्न सकिन्छ ।

नेपालको राजनीतिक इतिहास निकै बांगोटिंगो छ । २००७ सालमा प्रजातन्त्र प्राप्त भयो भने पछि २०१७ सालको फौजी काण्डसम्मको जम्मा १० वर्षको अवधिमा १० वटा सरकार बने । दलहरूमाथिको प्रतिबन्धपश्चात् लागू गरिएको पञ्चायती शासनको ३० वर्षको अवधिमा पनि राजा महेन्द्रको नेतृत्वमा बनेको सरकार देखि लोकेन्द्रबहादुर चन्दसम्मको गन्दा १६ वटा सरकार बने ।

२०४६ सालको जनआन्दोलनपछि पुनर्स्थापित प्रजातन्त्रमा पनि राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनसहित गिरिजाप्रसाद कोइरालाको शासनकालसम्मको गणना गर्दा १६ वटा नै सरकार बनेको देखिन्छ । गणतन्त्र घोषणा भएको वर्ष २०६५ देखि २०७९ को १४ वर्षमा समेत १२ वटा सरकार मुलुकले भोगेको छ । २००७ सालदेखि आजसम्मको गणना गर्दा विगत ७५ वर्षमा मुलुकले ५४ वटा सरकार भोगेको छ । यो चित्रले आफैं बोल्ने सत्य के हो भने नेपाल अस्थिर राजनीतिको चपेटामा छ । यो अवधि भारी दुई तिहाइदेखि अल्पमत र निर्वाचितदेखि अनिर्वाचित, मनोनीतदेखि राजाको प्रत्यक्ष शासनसम्मका परिघटना पर्दछन् । तर छिमेकी मुलुक भारत ब्रिटिश साम्राज्यबाट स्वतन्त्र भएदेखि आजसम्मको ७५ वर्षको इतिहासमा जम्मा १८ वटा सरकार बनेका छन् ।

राजनीतिक अस्थिरताको चित्रले नेपालको विकास प्रभावित बनेको कुरा साँचो हो । ७५ वर्षको अवधिमा नेपालमा ५४ सरकार बन्दा यही अवधिमा भारतमा केवल १८ सरकार बनेछन् । यतिविघ्न भिन्नताको कारण के होला ? यो अध्ययनको विषय बनेको छ ।

### अस्थिरताको समस्या कहाँ छ ?

राणाशासन नेपालको समस्या थियो । राणाशासनको अन्त्य भएपछि पनि नेपालमा राजनैतिक स्थायित्व कायम हुन सकेन । २००७ सालमा प्राप्त भनिएको प्रजातन्त्रमा झन् बढी अस्थिरता देखा पर्‍यो । यसै अवधिमा संविधानसभाको चुनाव छाडेर संसदको चुनाव भए पनि संसदीय चुनावको माध्यमबाट दुई तिहाइको सरकार बने पनि त्यो वलिष्ट सरकारले आफैंलाई जोगाउन सकेन । अन्तत: राजाको सैनिक 'कु' मार्फत उक्त सरकार अपदस्त हुन पुग्यो ।

डेढ वर्ष अघि दुई तिहाइ भन्दा बढी जनताको अनुमोदनबाट बनेको सरकार अपदस्थ हुँदा त्यसको प्रतिवाद गर्न न सत्तारुढ पार्टी, न प्रतिपक्षी, न जनता कसैको पनि चाहिए जति तदारुकता देखिएन । दलीय व्यवस्थाको असफलताको कारण देखाउँदै लागू गरिएको निर्दलीय पंचायतले पनि स्थिरता दिन सकेन । दलहरूको अथक् मिहिनेत, त्याग र बलिदानले पंचायत फ्याँकियो तर स्थिरता ल्याउन सकेन । राजाको प्रत्यक्ष शासनका विरुद्ध जनविद्रोह र जनआन्दोलनको संयुक्त बलमा राजा फ्याँकियो गणतन्त्र प्राप्त गर्न संभव भयो फेरि पनि राजनैतिक स्थिरता प्राप्त हुन सकेन ।

२०७२ सालमा संविधानसभाबाट संविधान जारी गर्न पनि संभव भयो, जिन्दगी नमिलेका कम्युनिस्ट पार्टीहरू मिलेर चुनावमा झण्डै दुई तिहाइ मत प्राप्त गर्न पनि संभव भयो फेरि पनि राजनैतिक स्थिरता प्राप्त हुन सकेन । यसै मेसोमा संविधान जारी भएपछिको दोस्रो आवधिक निर्वाचन सम्पन्न भएको छ । निर्वाचनको परिणामले झन् अस्थिर र कमजोर अनि धेरै सरकार पैदा गर्ने संकेत देखाइरहेको छ । आखिर यस्तो किन हुन्छ ? यो गम्भीर सवाल हो । यसको जवाफ राजनैतिक नेतृत्वले दिन जरूरी छ ।

### अस्थिर राजनैतिक संस्कार

नेपाली राजनीतिक आन्दोलन ध्वंस र विनिर्माणको जगमा हुर्केको छ । विनिर्माणको जगमा हुर्केको राजनीतिको चरित्र आन्दोलन र ध्वंस त्यसपछि पनि आन्दोलन र ध्वंस नै हो । ध्वंसदेखि ध्वंससम्म नेपाली राजनीतिको विशेषता बनेको छ । राणा, पंचायत र ज्ञानेन्द्रको प्रत्यक्ष शासन फाल्न ध्वंसको जरूरत थियो त्यो त्यतिबेलाको सही निर्णय र निष्कर्ष थियो । त्यो फेज समाप्त भएको छ ।

राजतन्त्रको अन्त्य र गणतन्त्रको प्राप्तिपछि नेपाली राजनीतिले विनिर्माणको चरित्र त्यागेदै निर्माणको चरित्र ग्रहण गर्न जरूरी थियो । त्यो चरित्र निर्माणको प्रयत्न भएन । यो नेपाली राजनीतिको मूल समस्या हो । यसै कारण नेपाली राजनीतिक दलहरू आन्दोलनमा सफल आन्दोलनबाट प्राप्त उपलब्धि जोगाउने मामलामा बिल्कुल असफल भन्ने राजनीतिको अनौठो पहिचान बन्न पुग्यो । त्यसैगरी राणा, पंचायत र राजा फाल्न सक्ने दलहरू विकास र समृद्धि सहितको राष्ट्र निर्माण गर्ने कार्यमा सफलता हासिल गर्न नसक्नुको मूल कारण भनेको राजनैतिक संस्कारको अभाव हो ।

राजनीति विद्यमान अन्तरविरोधहरूको समाधान गर्ने साधन हो । अन्तरविरोधहरूको समाधान गर्न नसक्ने कला राजनीतिका नाममा गरिएको व्यापार मात्रै हो भनियो भने अनौठो हुँदैन ।

### स्वार्थ, सत्ता र शक्तिकेन्द्रित राजनीति

नेपाली राजनीतिको विगत केलाउँदा ७५ वर्षको अवधिमा बनेका सरकारहरूको सूची नियाल्दा तीमध्ये अधिकांश सरकार एजेण्डाका कारणले फेरिएका देखिंदैनन् । बरु सत्ता र शक्तिको हानथापमा ती सरकारहरू फेरिएका छन् । विगतको यो असफल अनुभव आजका र भावी दिनका सरकार र सरकार बनाउने राजनीतिक दलहरूले नदोहोर्‍याउनुपर्ने मध्येको गम्भीर गल्ती हो । तर परम्परागत पार्टीहरूको त्यही खेलो निरन्तर जाने निश्चित छ नयाँ भनेर उदाएका पार्टीहरू पनि कसलाई समर्थन गर्ने र कसलाई नगर्ने भन्ने बहसमा होमिइसकेका छन् । तिनले पनि सत्ता र शक्तिकेन्द्रित राजनीतिलाई फेर्ने कुनै भरपर्दो संकेत देखाएका छैनन् ।

त्यसो त राजनीतिको उद्देश्य सत्ता प्राप्ति हो । सत्ता बाहेक अरू सबै भ्रम हो भन्ने कुरालाई विकृत अर्थमा बुझ्दै र सोही बमोजिम अर्थ्याउँदै केवल मन्त्री हुने वा प्रधानमन्त्री हुने कुरालाई सत्ता प्राप्तिको अर्थमा लिने गल्ती परम्परागत राजनीतिक दलहरूले विगतमा गरे सोही गल्ती भर्खरै उदाएका भनिएका दलहरूले पनि गर्दैछन् । सरकार र मन्त्री पदमा रहने कुरालाई नै सत्ता प्राप्तिको भ्रमबाट नेपाली राजनीति मुक्त गर्दै राज्य सत्ताको चरित्र बदल्ने महान् अभियानमा लाग्न नसक्नु नै नेपाली राजनीतिको मुख्य कमजोरी हो ।

### अस्थिरताको कारक: एजेण्डाविहीन राजनीति

नेपाली राजनीतिको सबैभन्दा ठूलो बिडम्वना भनेको राजनैतिक एजेण्डाको अभाव हो । राजनैतिक एजेण्डाका आधारमा राजनीतिक दलहरूको निर्माण हुन्छ । आफूले अंगीकार गरेका राजनैतिक एजेण्डा कार्यान्वयन गर्न राजनैतिक दलहरूले भिन्न-भिन्न कार्यक्रम सार्वजनिक गर्दछन् । तिनै कार्यक्रमका आधारमा जनताले जनादेश दिएर सरकार गठन गर्दछन् । सरकार गठन गरेदेखि नै आफूले सार्वजनिक गरेका एजेण्डा कार्यान्वयन गर्न दिलोज्यानका साथ राजनैतिक दलहरू लाग्दछन् ।

जनादेश प्राप्त गर्न नसकेका दलहरू अर्कोपटक जनादेश प्राप्त गर्ने आशामा थप मिहिनेत गर्न लाग्दछन् । यो राजनीतिको सफा र सोझो गणित हो । तर नेपालमा राजनीतिको यो आधारभूत मान्यता विरलै मात्र लागू हुन्छ । राजनीति एजेण्डामा हैन शक्तिमा आधारित हुन्छ । एजेण्डा नमिल्नेहरूको गठबन्धन कायम हुने र एजेण्डा मिल्नेहरूको भत्किने विडम्बना नेपालमा पटक-पटक दोहोरिने गरेको छ ।

राजावादी र गणतन्त्रवादी, संघीयतावादी र संघीयता विरोधी, धर्मनिरपेक्षतावादी र कट्टर हिन्दुवादी सबै एकै ठाउँ एकै सरकार र गठबन्धनमा बस्न नेपाली राजनीतिमा छुट छ । एकअर्काका कट्टर विरोधीहरूलाई एकै ठाउँमा ल्याइदिने र त्यहीं टिकाइराखिदिने एक मात्र सूत्र राजनैतिक एजेण्डा हैन पद र कुर्सी हो । त्यही मन्त्री पद र कुर्सीको भागबण्डा, वार्गेनिङ र मोलमोलाइ नेपाली राजनीतिको एजेण्डा ओझेल पर्ने एकमात्र कारण बनेको छ । फेरि पनि नेपाली राजनीतिमा एजेण्डाविहीन राजनीतिले शासन गर्ने खतरा देखिएको छ ।

### अस्थिरताको कारक : शक्ति-केन्द्रकेन्द्रित राजनीति

नेपाली राजनीतिमा उदाउन र टिक्न शक्ति-केन्द्रहरूको आशीर्वाद जरूरी छ भन्ने एक प्रकारको स्थायी भाष्य नै बनेको छ । राणाका सन्तानहरू आज पनि भन्न पछि पर्दैनन् कि राणाशासन टिकाउन चाहेको भए तत्कालीन ब्रिटिशको शर्त मानेको भए पुग्थ्यो । त्यसो गर्न नमान्दा राणाशासन ढल्यो । ठीक यही भाषा पंचायत र ज्ञानेन्द्रका अनुयायीहरू पनि दोहोर्‍याउन रुचाउँछन् । त्यसैगरी नयाँ शक्ति उदाउने र पुराना शक्तिसँग जुदाउने र पछि मिलाउने काम पनि उनै शक्ति-केन्द्रहरूकै काम हो भन्ने पनि नेपाली राजनीतिमा हावी भएको 'ओपन सेक्रेट' सत्य हो । यतिबेलाको घण्टी र रविको पछाडिको रहस्य पनि केही समयभित्रै बाहिरिने राजनीतिक पण्डितहरूको दावा छ ।

स्थापित राजनीतिक दलहरू मजबुत बन्दै जाँदा शक्ति-केन्द्रहरूको इच्छा पूरा नहुने, आफ्नो इच्छा पूरा गर्न र पुराना र स्थापित दलहरूलाई चुनौती दिन नयाँ-नयाँ दल नयाँ-नयाँ शैलीमा उमार्ने नेपाल वर र पर सबैतिर हावी रहेका शक्ति-केन्द्रहरूको दिनचर्या बन्न पुगेको छ । यसै परिप्रेक्ष्यबाट नेपाली राजनीतिको हालको अवस्था अछुतो छैन भन्ने पनि चर्चा हुन थालेको छ ।

### स्थिरताका लागि पुराना र नयाँ दुवैका चुनौती

नेपालमा त्याग र बलिदानको कीर्तिमानै खडा गरेका राणासँग पंचायतसँग र ज्ञानेन्द्रसँग जुधेका राजनीतिक दलहरूलाई आफ्नो विरासत जोगाउने चुनौती छ भने नयाँ उदाएका दलहरूका लागि आफूले सार्वजनिक रूपमा गरेको वाचा पूरा गर्ने चुनौती थपिएको छ । समाज परिवर्तनको वाहक राजनीति हो, त्यसमा विवाद छैन । राजनीतिले नै संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरेको हो । त्यसको संस्थागत विकास आजको चुनौती हो । तर आज विकसित भएको नेपाली राजनीतिको भाष्य भनेको नेपाली राजनीति केवल दल खोल्ने, चुनाव लड्ने र सरकारमा जाने त्यसपछि पूर्णविराम लाग्ने गरेको छ । राजनीतिले समाज परिवर्तनको भारी बोक्न तयार भएर हैन परिवर्तित राजनीतिले बदलेको समाजलाई दोहन गर्न सके त्यसलाई उल्ट्याउन प्रवेश गरेको राजनीतिले आफ्नो मिशन पूरा गर्न फलामको चिउरा चपाउनुसरह हुनेछ भन्ने बुझ्न जरूरी छ ।

अन्त्यमा, नेपाली राजनीतिले परिवर्तन गरेको समाजलाई रूपान्तरणको गतिमा अघि बढाउन, परिवर्तित समाजका अपेक्षा परिपूर्ति गर्न आफूलाई सदा तत्पर राख्दै आफैंलाई परिमार्जन गरी जनताको सच्चा सेवक बन्ने चुनौती पुराना दलको हो । नयाँले थपेको चुनौतीको प्रतिवाद हैन स्वीकार गर्दै आफैंलाई थप सुदृढ गर्दै जनअपेक्षा पूरा गर्ने दायित्व फेरि पनि समाज रूपान्तरणमा योगदान भएकै दलहरूको हो ।

आशा गरौं, स्थापित दलहरू आफैंलाई रूपान्तरण गर्दै समाज रूपान्तरणको अविरल यात्रामा निरन्तर अघि बढ्नेछन्, पछि फर्कने छैनन् । पछि फर्काउने मिशन बोकेका छद्मभेषीहरूको तुष्टि पूरा हुने छैन ।

*(साभार: अनलाइनखबर)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ मंसिर १५ गते बिहीबार १ डिसेम्बर २०२२ । मंसिर अष्टमी शुक्लपक्ष । थिंलाथ्य ११४३ ने.सं. । सूर्योदय ६:३८, सूर्यास्त ५:६ । विश्व एड्स दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : रिसाउने बानीले काम बिग्रनेछ | **तुला** | : रमाइलोको समय रहेको छ |
| **वृष** | : नोकरीबाट असन्तोष बढ्नेछ | **वृश्चिक** | : शरीरमा समस्या देखिन सक्नेछ |
| **मिथुन** | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ | **धनु** | : सामाजिक प्रतिष्ठा बढ्नेछ |
| **कर्कट** | : धार्मिक कार्यबाट प्रगति हुनेछ | **मकर** | : सानातिना अवरोध आइरहनेछ |
| **सिंह** | : सहयोग गर्ने भावना आउनेछ | **कुम्भ** | : मित्रसंग विवाद हुनसक्नेछ |
| **कन्या** | : यात्राको लागि सुखद देखिन्छ | **मीन** | : धन खर्च हुनेछ |

# सांसदज्यू, खेतीपाती सपार्न लाग्नुहोस्

**कृष्णप्रसाद पौडेल**

माननीय सांसदज्यूहरू, सर्वप्रथम नीति निर्माण गर्ने थलो संसद्को सदस्यमा निर्वाचित हुनुभएकामा खुसी व्यक्त गर्दै कार्यकाल सफलताको शुभकामना दिन चाहन्छु । हुन त, सामाजिक सञ्जाल र सञ्चारमाध्यममा अरूले हार्दिक बधाई दिएको देखे-सुनेको छु ।

तर क्षमा गर्नुहोस्, बधाई त कार्यकाल सफल भए मात्रै दिने हो, मैले अहिल्यै त्यो आँट गरिनँ । सांसदका हैसियतले निर्वाह गर्नुपर्ने भूमिकाबारे यहाँहरूले पक्कै हेक्का राख्नुभएकै छ । सँगै, तपाईंलाई उम्मेदवार बनाउने पार्टी र तपाईंका आफ्नै चुनावी घोषणापत्रसमेत बिर्सनुभएको छैन होला । ती घोषणा पूरा गर्ने काममा यहाँ निरन्तर लाग्नुहुनेछ भन्ने अपेक्षा छ ।

यति भन्दाभन्दै पनि, धेरैका आफ्नै एवं आबद्ध पार्टी र नेतागणका घोषणा, वाचा र भाषण सुन्दा तपाईंहरूलाई आफ्नै भूमिकाबारे राम्ररी थाहा नभएझैं लागेको छ । अप्ठ्यारो नमान्नुहोस्, यहाँहरूको काम विकास बाँड्ने हैन, बरु यस्तो कामलाई न्यायपूर्ण, समतामूलक र दिगो बनाउन आवश्यक नीति बनाउने हो, जसको कार्यान्वयनको मापदण्ड र कार्यप्रगतिमा पृष्ठपोषण गर्ने हो । पहिलेका सांसदले यस्ता काम ठीक ढंगले नगरेको हुँदा मतदाताले यस पटक तपाईंहरूमध्ये कतिपय नयाँलाई छानेका हुन् । उनीहरूले लामो धैर्यपछि तपाईंहरूप्रति भरोसा गर्दै नसुेका पार्टी र उम्मेदवारविरुद्ध घण्टी बजाएका हुन् । तपाईंले यो कुरा राम्ररी विचार नगरेमा अर्को पटक अरूलाई छान्न हामी मतदाता बाध्य हुनेछौं ।

यो देशको उन्नति र आम जनसमुदायको खुसीका लागि अरू कुरासँगै विकासलाई प्रकृतिसम्मत र स्थानीयतामा आधारित बनाउने, यसका लागि जनचेतना र क्षमता बढाउने सरकारका प्राथमिक काम हुन् । यो काम गर्न मुख्य दायित्व बोकेको प्रशासनिक नेतृत्वको पुन:संरचना र खरिद ऐनजस्ता सार्वजनिक विकासका प्रक्रिया अद्यावधिक गर्न आवश्यक छ । यी काम नगरी आम नेपालीका खाना, नाना, छाना, शिक्षा र जनस्वास्थ्यजस्ता प्राथमिक सवालहरू सम्बोधन हुँदैनन् र सविधानमा प्रस्तावित समाजवादको परिकल्पना अर्थहीन हुन्छ । यिनै कामको सम्बोधनका लागि कानुन सुधारमा दिशाबोध गर्नुभएकै होला । अहिले भने खाना र खेतीपातीका थप सन्दर्भ उठाएर यहाँहरूलाई हाम्रो जीवनको मूल आधार उन्नत बनाउन आफ्नो जिम्मेवारी बोध गर्न आग्रह गर्न चाहन्छु ।

तपाईंहरूलाई थाहै छ, कृत्रिम रसायन, विषादी, खनिज ऊर्जा र प्रकृति दोहनका कारण निरन्तर विघटित प्रकृति, प्रदूषित हावापानी र पर्यावरणले हाम्रो जीवन नै संकटग्रस्त बन्दै गएको छ । माटो निरन्तर निर्जीव हुँदै गएको छ । यसैबीच गत वर्ष मात्र रुसले युक्रेनमा युद्ध सुरु गरेपछि विश्व बजारमै खानेकुराको संकट गहिरिएको छ । भारत लगायत कतिपय देशले केही खानेकुरा निर्यातमा रोक लगाउने कुराले मात्र हामीलाई आतंकित बनाउँदै महँगीको मारमा पारेको यहाँहरूले याद गर्नुभएकै होला । यी सबै कुराले हाम्रो खानेकुराको भविष्य कति जोखिमपूर्ण छ भनिरहन नपर्ला । यस्तो संकट झनै बढ्दै जाने कुरा मनन गर्न यो प्रसंग उठाइएको हो ।

अहिले जलवायु परिवर्तनले हाम्रो जीवनमा संकट चुलिँदै गएको छ । गत वर्ष वर्षाले मनाङदेखि मेलम्चीसम्म ल्याएको वितण्डा र धानबालीमा भएको क्षति सम्झनुहोस् त । चुरे दोहनले निम्त्याएको संकटबारे त यहाँहरूलाई सम्झाउनै परेन । यसरी वर्षैपिच्छे अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, डुबानले चुरे-भावर, तराई-मधेशका लाखौं पविवारको जीविकाको मुख्य आधार तहसनहस हुँदै गएको छ । एक छिन सोचौं त, यस्तै वर्षा र उस्तै खडेरी आउने वर्षमा पनि दोहोरिरहे भने हाम्रो जीवन के होला ? यी संकट सम्बोधन गर्ने अपेक्षा गरिएका राष्ट्रिय-अन्तर्राष्ट्रिय सम्मेलनहरू यसतर्फ इमानदार पहल गर्ने प्रतिबद्धता-कार्ययोजनाबिनै समापन हुने गरेका छन् । नखाएको विषले प्रभावित हामीजस्ता करोडौंको जीवन यसबाट थप कष्टकर भएको छ । अत: यसबारे सरकारलाई दिशानिर्देश गराउन यहाँहरूले भूमिका खेल्न जरुरी छ ।

अर्को कुरा, कृषिप्रधान देशकै बहुसंख्यक नेपाली किनेर खान विवश छौं । आम्दानी र रोजगारीका लागि नेपाली युवा भारत र अरबका मरुभूमिमा खेतीकर्ममा सघाउन गएका छन् । यता कृषिउपज पनि ठूलो मात्रामा आयात गर्नुपर्ने अवस्था छ । यसप्रति तपाईंहरूले राम्रै चिन्तनमनन गर्नुहुनेछ भन्ने विश्वास लिएको छु । बाँझो जमिन, जलवायु परिवर्तनको बढ्दो जोखिम, खानेकुरामा रसायन र विषादीको समस्या, उत्पादक साना तथा सीमान्त किसानका लागि उत्पादनका आवश्यक स्रोतसाधन, उन्नत बीउ, मल र चिस्यानको जोहो र दलालमुक्त बजार बन्दोबस्त कृषि विकासका आधारभूत सवाल हुन् । कृषि शिक्षा, अनुसन्धान, प्रसार र प्रशासन संयन्त्रको पुन:संरचना, सरकारी तथा गैरसरकारी क्षेत्रमा कार्यरत कृषि प्राविधिकको क्षमता वृद्धि र हाम्रो आफ्नै भौगोलिक तथा पर्यावरणीय विशेषतामा उपयुक्त कृषि प्रविधि विकास पनि उत्तिकै महत्त्वपूर्ण छन् । दीर्घकालीन सोचसहित यी विषयको सम्बोधन नगरी हाम्रो कृषि क्षेत्रको रूपान्तरण सम्भव हुँदैन । विडम्बना, तपाईंहरू र आबद्ध पार्टीहरूले बाँडेका घोषणापत्र नामका ग्यारेन्टीपत्रमा यी आधारभूत सवाल सम्बोधन गर्ने उपयुक्त प्रस्तावहरू छैनन् भन्नुपर्दा मलाई रमाइलो लागेको छैन ।

धेरै पार्टीका घोषणापत्रमा नेपाली भूगोल र समाजको विशेषता, बदलिँदो आर्थिक सामाजिक परिवेश, कृषिक्षेत्रमा परिरहेको भूमण्डलीकरणको असर, क्षेत्रीय भूराजनीतिक प्रभाव र यिनको कृषिक्षेत्रमा पर्ने भविष्यको सम्भाव्य जोखिमको आकलन गरी गर्नुपर्ने दृष्टिबोध र रणनीतिक मार्गचित्र स्पष्ट छैनन् । नेपाली समाज उन्नत बनाउने दृष्टिकोणबिनै शब्दजालको खेतीबाट देश विकासको आकासे फल देखाउने यी ग्यारेन्टीपत्र विकासे बीउजस्तै अनुत्पादक छन् । अहिले साढे ३ खर्बको कृषिउपज आयात भइरहेको छ ।

*बाँकी पृष्ठ-३ मा....*

# 'डिसेम्बर फल्स' गीतमा आर्यन र उपासनाको छमछम

काठमाडौं/आगामी पुष १५ गतेबाट प्रदर्शनमा आउन लागेको एक्सन-लभस्टोरी फिल्म 'डिसेम्बर फल्स'को पहिलो गीत सार्वजनिक भएको छ । सोमवार राजधानीमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको 'फकाउनै जानिनँ' बोलको लोकलयको गीतमा दीपक शर्माको शब्द रचना तथा संगीत छ भने निशान भट्टराई र मेलिना राईको स्वर सुन्न सकिन्छ । गीतको कोरियोग्राफर रामजी लामिछाने हुन् ।

भक्तपुरको दरबार स्क्वायरमा छायांकन गरिएको गीतमा फिल्मका मुख्य अभिनेता आर्यन सिग्देल र अभिनेत्री उपासना सिंह ठकुरी छमछमी नाच्दै देखिएका छन् । गीतमा उनीहरुको केमेस्ट्री जमेको छ । निर्माताले गीतको भिडियोमाथि पैसाको खोलो बगाएका छन् । सेटअप, लाइटिङ, पहिरन र कोरस डान्सरमा ठूलो खर्च भएको देखिन्छ । गीतको अडियो र भिडियो दुवै पक्ष बलियो छ ।



गीत रिलिज कार्यक्रममा आर्यनले अहिलेको सिनारियोमा आफ्नो करिअरको उम्दा गीत 'फकाउनै जानिनँ' रहेको बताए । 'पहिला र अहिलेमा गीत बन्ने सिनारियो अलग छ । अहिलेको सिनारियोमा यो मेरो करिअरको उम्दा गीत भन्न मिल्छ,' उनले भने । आर्यनले आफूलाई दर्शकले लभस्टोरी फिल्ममा मन पराएकाले 'डिसेम्बर फल्स'मा पनि त्यो चिज नछुटेको र दर्शक निराश नहुने दावी गरे ।

त्यस्तै, उपासनाले आर्यन सिग्देलसँग काम गर्न पाउँदा धेरै कुरा सिक्न पाएको बताइन् । उनले भनिन्, 'आर्यन सरको आँखाले नै अभिनय गर्छ । उहाँ अनुभवी भएकाले पनि होला, सेटमा हामी हाँसीमजाक गरिरहेका हुन्थ्यौं अनि एकैछिनमा फिल्ममा रुने सिन हुँदा आर्यन सरले मज्जाले गर्दिनु हुन्थ्यो । मलाई चाहिँ अलि समय लाग्थ्यो । उहाँसँग काम गर्दा एकदमै सहज महसुस पनि भयो ।'

नेपाली मुलका भारतीय निर्देशक प्रविण झाद्वारा निर्देशित तथा महेश आर गुप्ताको छायांकन रहेको फिल्मलाई रामप्रसाद रिजालले निर्माण गरेका हुन् । उनले यसअघि 'वान डे', 'कसम',धुवाँ यो नशा' र 'कायरा' बनाइसकेका छन् । 'डिसेम्बर फल्स' उनको पाँचौ फिल्म हो । फिल्ममा सुमन थापा, नरेश भट्टराई, सलोन बस्नेत, शिवहरि पौडेल, नागेन्द्र रिजाल, शिशिर राणाको पनि अभिनय छ ।

रिजाल एन्ड रिजाल प्रोडक्सनको ब्यानरमा निर्माण भएको 'डिसेम्बर फल्स'को कार्यकारी निर्माता लक्ष्मण रिजाल र असिम काफ्ले हुन् भने निर्मातामा रामप्रसाद रिजालसँगै राजकुमार भट्ट छन् । विपिका खनालको कथा, केदार भुषाल र प्रतिक पौडेलको पटकथा तथा संवाद, बनिष शाहको सम्पादन, श्री श्रेष्ठको द्वन्द्व निर्देशन रहेको फिल्मलाई श्रीराम बालाजी फिल्मस्ले देशभर वितरण गर्दैछ ।

## सलोनको 'मिलन'लाई दर्शक हाहाकार



काठमाडौं/लोकप्रिय अभिनेता सलोन बस्नेतले सोमबार विवाह गरे । एयर होस्टेस तथा मोडल करिश्मा केसीसँगको ४ वर्ष लामो प्रेम सम्बन्धलाई उनले विवाहमा परिणत गरेका हुन् । एकातिर उनले घरमा दुलही भित्राउँदा अर्कोतिर उनी अभिनीत फिल्म 'मिलन' हलमा प्रदर्शन भइरहेको छ । तर, उनको विवाहमा उपस्थित भएका जन्ती जति पनि फिल्मले हलमा दर्शक पाउन सकेको छैन ।

नेपालको सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले प्रदर्शनको दिन फिल्मलाई आफ्नो देशभरका च्यानलमा ५ शोज उपलब्ध गराएको थियो । तर, फिल्मलाई दिएको शोमा दर्शकको हाहाकार भएपछि क्यूएफएक्सले मंगलवार २ शो र बुधवारका लागि एक शो दिएको छ । राजधानीका अन्य मल्टीप्लेक्सहरुले त दर्शक अभावका कारण फिल्मलाई दुई/तीन दिनमै उतारिसकेका छन् ।

प्रेम सम्बन्धलाई विवाहमा परिणत गर्न पाउँदा खुसी भएका सलोनलाई 'मिलन'को असफलताले भने निराश तुल्याएको छ । हुन त उनका लागि फिल्म नचल्नु सामान्य भइसकेको छ । 'मिलन'सहित यस वर्ष उनको 'लक्का जवान' र 'घनचक्कर' गरी तीन फिल्मले असफलता भोगिसकेका छन् । अब उनलाई पुष १५ गते प्रदर्शन हुन लागेको फिल्म 'डिसेम्बर फल्स'बाट ठूलो आशा र अपेक्षा छ ।

'मिलन'लाई दर्शक हाहाकार हुनुमा दुईटा कारक तत्व छ । पहिलो, पब्लिसिटीमा चुक्नु । निर्माताले पैसामा मुठ्ठी कस्दा दर्शकसम्म फिल्मको जानकारी नै पुग्न सकेन । जसले गर्दा हलमा फिल्म लागेकै थाहा भएन । दोस्रो, 'वर्ड अफ माउथ' बलियो नहुनु । फिल्म हेरेकाहरुले मन खोलेर प्रशंसा नगर्दा हलमा दर्शकहरु नै बढ्न सकेनन् । अन्ततः 'मिलन' यस वर्षको डिजास्टर फिल्म बनेको छ ।

## म भएपछि एक्सन फिल्ममा पनि लभ हुनुपर्छ : आर्यन सिग्देल

काठमाडौं/अभिनेता आर्यन सिग्देल लभस्टोरी फिल्मकै लागि जन्मिएका हुन् भन्दा फरक पर्दैन । डेब्यू फिल्म 'किस्मत'बाट नै उनले यो कुरा प्रमाणित गरेका थिए । उनले आफ्नो करिअरमा अभिनय गरेका र दर्शकले रुचाएका फिल्म हेर्ने हो भने लभस्टोरीको संख्या उच्च छ । यसैले पनि कुनै बेला लभस्टोरी फिल्मका लागि उनी निर्विकल्प झैं थिए । उनलाई फिल्ममा लिन मेकरहरु महिनौंसम्म कुर्थे ।

तर, केही वर्षयता उनको करिअर असन्तुलित बनेको छ । उनले आशा गरेका फिल्म सफल हुन सकेका छैनन् । यतिबेला उनको करिअरलाई सही बाटोमा ल्याउन एउटा सशक्त फिल्मको खाँचो छ । त्यो फिल्म 'डिसेम्बर फल्स' बन्ने विश्वास उनको छ । आगामी पुष १५ गतेबाट प्रदर्शनमा आउन लागेको यो फिल्म दर्शकले आफूबाट राखेको अपेक्षाअनुरुप नै बनेको उनले दावी गरेका छन् ।

सोमवार फिल्मको पहिलो गीत 'फकाउनै जानिनँ' रिलिज कार्यक्रममा उनले भने, 'दर्शकले मलाई 'डिसेम्बर फ्ल्स' जस्तै फिल्ममा हेर्न चाहेको हो भन्ने मेरो बुझाई छ । फिल्ममा प्रेमका लागि लडेको चरित्रमा जसरी मलाई दर्शकले रुचाउनुभयो त्यो यसमा पनि



छ । फिल्ममा लभ र एक्सनको रमो तालमेल छ । निर्माताले मन नखुम्च्याई लगानी गर्नुभएको छ । फिल्म प्याकेजको बनेको छ ।'

आर्यनले केही एक्सन फिल्ममा पनि काम गरेका छन् । तर, ती दर्शकले रुचाएनन् । 'डिसेम्बर फ्ल्स'को टिजरमा पनि एक्सन सिन बढी देखिन्छ । फेरि दर्शक निराश हुने त होइनन् ? भन्ने प्रश्नमा उनले भने, 'यो फिल्ममा लभ, रोमान्स, एक्सन सबै छ । फिल्मबाट दर्शक निराश हुँदैनन् । म मेकरलाई पनि आर्यन सिग्देल भएपछि एक्सनमा पनि लभ चाहिन्छ भन्छु । त्यो चिज यसमा पनि छ ।'

# सांसदज्यू, खेतीपाती...

यो घटाउनेभन्दा निर्यात बढाउने कुरा सबैको प्राथमिकतामा छ । धेरैको घोषणापत्रमा विकासे बीउ र कारखानामा बनाइने कृत्रिम मलमार्फत कृषि उत्पादन बढाइने जिकिर गरिएको छ । मल-विषादीका कारखाना र विकासे बीउ नभएर कृषि नसेुको भाष्य तिनमा पाइन्छ । सबै घोषणामा भूउपयोग र भूमिसुधारले राम्रै ठाउँ ओगटेका छन् । तर माटो र समग्र प्रकृति विघटन भैरहेको यो अवस्थामा कृषि जमिनका यी संरचनागत सवालसँगै माटो बचाउने चुनौतीको सामना गनुपर्नेछ । बाँझो जमिन र चाक्लाबन्दीका विषय पनि सबैका घोषणापत्रमा कुनै न कुनै हिसाबले उठाइएका छन् । यी कुनै नयाँ प्रस्ताव हैनन् । जमिन बाँझो भएकै दुई दशक भैसक्यो । यो निरन्तर बढिरहेको छ । तर कुनै पनि पार्टीको घोषणापत्रमा हरित कृषिको बाटो र असफल कृषि मन्त्रालय र मातहतको पुनःसंरचनाबारे चर्चा गरिएकै छैन । अन्यथा नलिनुहोला, पुराना पार्टीका पुरानै घोषणा नपत्याउने कुरा स्वाभाविकै हो तर नयाँ पार्टीका घोषणा पनि भरोसा गर्नलायक देखिएका छैनन् ।

सांसदज्यूहरू, मूल कुरा तपाईहरूले फूलमाला लगाएर छिरेको संसद्ले स्वस्थ खानेकुरा, स्वच्छ माटो, पर्यावरण, ग्रामीण समुदायको जनजीविका, किसानको स्वाभिमानी जीवनशैलीजस्ता कृषिका मूलमर्मलाई सम्बोधन गर्न उपयुक्त नीति, ऐन कानुन बनाउन र सरकारले ल्याउने आवधिक तथा वार्षिक योजना र कार्यक्रममा रचनात्मक सुझाव र पृष्ठपोषण गर्न के कस्तो विचार पुऱ्याउँछ भन्ने नै हो । जनजीविका, विकास र सुशासनका अन्य सवालसँगै खाना र खेतीपाती उन्नत बनाउनका निम्ति नीति निर्माण गर्न तपाईंहरूले केकस्तो भूमिका खेल्नुहुन्छ भन्ने हो । इच्छाशक्ति भएमा तपाईहरूले नीतिगत पहल गर्न सक्नुहुन्छ । कृषि सपार्ने ध्येयका लागि मुख्य कार्यभार यी हुन सक्छन्:

- नेपाली नागरिकको खाद्य तथा पोषण सुरक्षा सम्बन्धी संविधानप्रदत्त हकको प्रत्याभूतिका लागि खाद्यमा आत्मनिर्भर र तुलनात्मक कृषिउपजको प्रवर्द्धन गर्ने नीतिको पक्षमा लाग्नु तपाईंहरूको पहिलो दायित्व हुनुपर्छ । कृषि क्षेत्रलाई क्रमशः प्रकृतिमैत्री बनाउँदै कृषि तथा साना पशुपक्षीजन्य प्रमुख खाद्य वस्तुहरूको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी मुलुकमा भैरहेको खानेकुरा लगायत कृषिजन्य आयातलाई प्रतिस्थापन गर्दै लैजाने दिशामा तपाईंहरूले रचनात्मक भूमिका खेल्नुपर्छ ।

- दिगो कृषि विकासका मापदण्डका आधारमा खाद्यमा आत्मनिर्भर र तुलनात्मक लाभका कृषि उपजबाट रोजगारी र आम्दानी बढाउन पर्यावरणीय कृषि विकासको ढाँचामा आधारित कृषि पद्धति अपनाउन र सोही अनुरूप कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा दृष्टि पुऱ्याउनु तपाईंहरूको दोस्रो कार्यभार हुनुपर्छ ।

- नेपालजस्तो विविध कृषि प्रणालीमा स्थानीय विशेषतामा आधारित ढाँचाहरू अवलम्बन गर्नुको विकल्प छैन । यसका लागि तत्कालै कृत्रिम रसायन तथा रसायनमा आधारित विषादीहरूबाट कृषिक्षेत्र लगायत मानव स्वास्थ्यमा परिरहेको बढ्दो जोखिम न्यूनीकरणका लागि नियमन, अभिमुखीकरण र जनचेतना अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाउन उपयुक्त उपाय सुझाउनु यहाँहरूको तेस्रो कार्यभार हुनुपर्छ ।

- रसायन र विषादीमा रोक लगाउँदै रासायनिक मल अनुदान कटौती गर्ने प्रांगारिक मल, गोठ सुधार, कम्पोस्ट मल र जैविक मल र विषादी बनाउन आवश्यक प्रविधि र क्षमताको विकास गर्ने र यो प्रणालीलाई उन्नत बनाउन तत्कालै पहल गराउनु तपाईंहरूको चौथो कार्यभार हुनुपर्छ ।

- कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतका निकायहरूको संरचनागत समीक्षा गरी तीनै तहका संरचनाहरू पुनर्गठन र कार्यदिश परिमार्जन गर्ने प्रबन्ध मिलाउन नसके यी सबै कुरा भाषणमा मात्र सीमित हुन्छन् । अतः यिनका साथै सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाबाट खाद्य तथा कृषिक्षेत्रमा सञ्चालित परियोजनाको प्रभावकारिता र उपलब्धिको स्वतन्त्र समीक्षा गरी यिनको कार्यक्रम र कार्यविधि परिमार्जन गर्दै खानाका लागि खेतीपातीको मार्गचित्र बनाउन आवश्यक कदम चाल्न लगाउनु तपाईंहरूको पाँचौं कार्यभार हो ।

कृषि आफैंमा बृहद् क्षेत्र हो । यो जीवनका सबै आयामसँग जोडिएको छ । यसको सम्बोधन एकाकी तवरबाट हुन सक्दैन । तसर्थ यसलाई एकीकृत सामाजिक अर्थव्यवस्था, शिक्षा, जनस्वस्थ्य र दिगो प्रकृतिको अन्तरसम्बन्धको बृहद् चित्रमा हेरिनुपर्छ । यो कुराको मर्म बुझ्नु नै भएको होला भन्ने आशा गरेको छ । हाम्रो उन्नतिका लागि जिम्मेवारी बोध गर्नुभएको छ भन्ने भरोसा जागेरै यो पत्र लेखेको हुँ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

## विश्वकप-२०२२

# नेदरल्याण्ड्स समूह विजेता, कतार जितविहीन

काठमाडौं/आयोजक कतारको पहिलो विश्वकप सहभागितालाई बिर्सनलायक बनाउँदै नेदरल्याण्ड्स फिफा विश्वकप २०२२ को नकआउट चरणमा प्रवेश गरेको छ ।



समूह ए अन्तर्गत मंगलबार भएको अन्तिम खेलमा नेदरल्याण्ड्सले कतारलाई २-० ले पराजित गऱ्यो । दुई जित र एक बराबरीबाट ७ अंक जोड्दै नेदरल्याण्ड्स समूह विजेता बनेको छ । नेदरल्याण्ड्सलाई समूह चरणमा दोस्रो जित दिलाउन कोडी गाक्पो र फ्रेन्की डे जोङ्ले गोल गरे ।

नेदरल्याण्ड्सले पहिलो खेलमा सेनेगललाई पराजित गरेको थियो भने दोस्रो खेल इक्वेडरसँग बराबरी खेलेको थियो । आयोजककै हैसियतमा विश्वकपमा डेब्यु गरेको कतारले भने समूह चरणको तीनवटै खेलमा पराजित भयो । यसअघि नै लगातार दुई खेल हारेपछि समूह चरणबाट बाहिरिसकेको कतारको अन्तिम खेललाई सुखद बनाउने चाहना पूरा हुन सकेन । कतार विश्वकपमा समूहको सबै तीन खेल हार्ने पहिलो आयोजकसमेत बन्यो ।

**गाक्पोको लगातार गोल**

नेदरल्याण्ड्सका कोडी गाक्पोले फिफा विश्वकपमा समूह चरणको तीनवटै खेलमा गोल गर्दै उपलब्धी हासिल गरे । उनले यसअघि सेनेगल विरुद्ध जित र इक्वेडर विरुद्ध बराबरी भएको खेलमा पनि गोल गरेका थिए । कतारविरुद्ध २६औं मिनेटमा ड्याभी क्लासेनको पासमा गोल गर्दै उनले नेदरल्याण्ड्सलाई अग्रता दिलाएका थिए ।

गाक्पो एकै समूहको तीन खेलमा आफ्नो टिमका लागि पहिलो गोल गर्ने इतिहासकै दोस्रो खेलाडी बने । उनले यसअघि दुई खेलमा पनि टिमका लागि पहिलो गोल गरेका थिए । यसअघि सन् १९८६ को विश्वकपमा इटलीका अलेसान्ड्रो अल्टोबेलीले पनि समूहको तीनवटै खेलमा पहिलो गोल गरेका थिए ।

यस्तै गाक्पो विश्वकपमा नेदरल्याण्ड्सका लागि सुरुवाती तीन खेलमा गोल गर्ने पहिलो खेलाडी समेत बने ।

नेदरल्याण्ड्सका लागि दोस्रो गोल फ्रेन्की डे जोङ्ले ४९औं मिनेटमा गरे । ६८औं मिनेटमा स्टेभेन बर्गुइसले गोल गरे पनि भिडियो असिस्टेन्ट रेफ्री (भीएआर)ले अफसाइड घोषित गरेपछि नेदरल्याण्ड्सले गोल अन्तर फराकिलो बनाउने अवसर गुमाएको थियो ।

यस्तै इन्जुरी समयमा बर्गुइसको प्रहार क्रस बारमा लागेको थियो । समूह ए को विजेता नेदरल्याण्ड्सले अब अन्तिम १६ मा समूह बी को उपविजेतासँग खेल्नेछ ।

# इंग्ल्यान्ड र अमेरिका नकआउट चरणमा

काठमाडौं/इंग्ल्यान्ड र अमेरिकाले कतारमा जारी फिफा विश्वकप फुटबलको अन्तिम १६ मा स्थान सुरक्षित गरेका छन् । इंग्ल्यान्ड समूह 'बी' विजेता तथा अमेरिका उपविजेताको रुपमा नकआउट चरणमा प्रवेश गरेका हुन् ।



समूह 'बी' को अन्तिम खेलमा इंग्ल्यान्डले वेल्सलाई ३-० गोलअन्तरले पराजित गर्दै समूह विजेता बनेको हो । तीन मध्ये २ खेलमा जित तथा एक खेलबा बराबरी खेलेको इंग्ल्यान्डले ७ अंक जोड्यो ।

वेल्सविरुद्ध इंग्ल्यान्डलाई जित दिलाउन मार्कस रासफोर्डले ५० औं तथा ६८ औं मिनेटमा गरी दुई गोल गरे भने फिल फोडेनले ५१ औं मिनेटमा एक गोल गरे । इंग्ल्यान्डसँग पराजित भएको वेल्सले समग्रमा तीन खेलबाट केवल एक अंक मात्र पायो ।

अर्कोतर्फ अमेरिकाले इरानलाई १-० ले पराजित गर्दै अघिल्लो चरणमा प्रवेश पायो । अमेरिकाले तीन मध्ये एक खेलमा जित तथा दुई खेलमा बराबरी खेलेको थियो ।

अन्तिम खेलमा इरानलाई पराजित गर्दा अमेरिकाका लागि क्रिस्टियन पुलिसिकले निर्णायक गोल गरे । पुलिसिकले ३८ औं मिनेटमा अमेरिकाका लागि गोल गरे । अमेरिकासँग पराजित भएपछि ३ मध्ये केवल एक खेल जितेको इरान प्रतियोगिताबाट बाहिरियो ।

# सेनेगल अन्तिम १६ मा, एक हारले इक्वेडर बाहिरियो

काठमाडौं/समूह ए को निर्णायक खेलमा इक्वेडरलाई २-१ पराजित गर्दै सेनेगल कतारमा जारी फिफा विश्वकप फुटबलको अन्तिम १६ मा प्रवेश गरेको छ ।



खालिफा इन्टरनेशनल स्टेडियममा भएको खेलमा सेनेगलका लागि इस्माइल सार र कप्तान कालिडोउ काउली बेलीले गोल गरे । इक्वेडरका माइकल साइसेडोले एक गोल गरेपनि पर्याप्त भएन ।

तीन खेलबाट दुई जित र १ हारको नतिजा निकालेको सेनेगल समूह ए को उपविजेता बन्दै अन्तिम १६ मा प्रवेश गरेको हो । एक जित एक बराबरी र एक हारबाट ४ अंक जोडेको इक्वेडर समूहमा तेस्रो हुँदै बाहिरियो ।

नकआउट चरणमा पुग्न इक्वेडरलाई सनेगल विरुद्ध बराबरी नतिजा नै पर्याप्त थियो । तर, सेनेगलका लागि भने जित्नैपर्ने बवश्यकता थियो । जित्नैपर्ने खेलमा इस्मायल सारले पेनाल्टीमा गोल गर्द ४४औं मिनेटमा सेनेगललाई अग्रता दिलाएका थिए ।

दोस्रो हाफमा इक्वेडरले बराबरी गोल फर्काउँदै अन्तिम १६ मा पुग्ने सम्भावना कायम राखेको थियो । ६८औं मिनेटमा साइसेडोले गोल गर्दै खेल बराबरी गर्दा इक्वेडर अगाडि बढ्ने समिकरण बनेको थियो । तर, ७०औं मिनेटमा कोउलीबेलीले गोल गर्दै सेनेगललाई २-१ को अग्रता दिलाए ।

पहिलो खेलमै नेदरल्याण्ड्ससँग पराजित भएको सेनेगलले पुनरागमन गर्दै त्यसपछिका दुई खेलमा जित निकाल्यो । उता पहिलो खेलमा कतारलाई हराएर दोस्रो खेलमा नेदरल्याण्ड्सलाई बराबरीमा रोक्न सफल भएको इक्वेडर भने निर्णायक खेलमा पराजित हुँदै समूह चरणबाटै बाहिरियो ।

तेस्रो पटक विश्वकप खेलिरहेको सेनेगल दोस्रो पटक नकआउट चरणमा प्रवेश गरेको हो । सन् २००२ मा पहिलो सहभागितामै साविक विजेता फ्रान्सलाई हराएर सनसनी मच्चाएको सेनेगल क्वाटर फाइनलसम्म पुगेको थियो । २०१८ मा रुसमा भएको विश्वकपमा भने सेनेगल समूह चरणबाटै बाहिरिएको थियो ।

सेनेगलले अब अन्तिम १६ मा समूह बी को विजेतासँग प्रतिस्पर्धा गर्नेछ । जारी विश्वकपमा अन्तिम १६ मा पुग्ने सेनेगल पहिलो अफ्रिकन टिम बन्यो । अहिलेसम्म ब्राजिल, फ्रान्स, नेदरल्याण्ड्स र सेनेगलले नकआउट यात्रा तय गरेका छन् ।

"तपाई, हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेवसाइडमा: www.sajhakuranews.com
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

# 'निराशाजनक परिणाम स्वीकार गर्छौं'

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ कमल थापा नेतृत्वको राप्रपा नेपालले आमनिर्वाचन-२०७९ मा प्राप्त निराशाजनक परिणाम स्वीकार गरेर अघि बढ्ने निर्णय गरेको छ ।

राप्रपा नेपालको मंगलबार बसेको सचिवालय बैठकले आम निर्वाचनमा निराशाजनक परिणाम भोग्नुपरेको निष्कर्ष निकालेको हो । अपेक्षाकृत परिणाम नआए पनि जनताको अभिमतलाई स्वीकार गर्दै प्रजातान्त्रिक मान्यताअनुसार पराजय स्वीकार गर्ने राप्रपा नेपालले निर्णय गरेको पार्टीका महामन्त्री राजाराम बर्तौलाले बताए । पार्टीका अध्यक्ष समेत रहेका थापाले मकवानपुरको क्षेत्र नम्बर १ बाट निर्वाचन हारेका थिए । त्रीपक्षी भिडन्तमा थापा तेस्रो भएका थिए । निर्वाचन राप्रपाका दिपकबहादुर सिंहले जितेका हुन् भने



दोस्रो कांग्रेसकी महालक्ष्मी उपाध्याय डीना भएकी थिइन् ।

राप्रपाको अधिवेशनबाट अध्यक्षमा पराजित भएपछि थापाले पुरानै पार्टी राप्रपा नेपाल ब्यूँताएका थिए । पार्टीको संगठनसमेत निर्माण भइनसकेका कारण राप्रपा नेपालले अन्य क्षेत्रबाट आफ्ना उम्मेदवारलाई प्राथमिकताका साथ उठाएको थिएन् । थापाले भने नेकपा एमालेको समर्थनमा निर्वाचन उठेका थिए । राप्रपा नेपालको काठमाडौंमा बसेको बैठकले पराजित हुनुमा पार्टी पुनर्जागृत भएको वर्ष दिन नपुग्दै चुनावमा होमिनुपरेको, संगठन निर्माण हुन नसकेको, संस्थागत रुपमा प्रभावकारी चुनावी अभियान सञ्चालन हुन नसकेकोलगायत कमजोरी पहिचान गरेको महामन्त्री बर्तौलाले बताए ।

बैठकले निर्वाचनमा देखिएका कमजोरी र भविष्यमा अवलम्बन गर्नुपर्ने नीति र कार्यलाई व्यवस्थित गर्न उपाध्यक्ष डा. विष्णु भण्डारीको संयोजकत्वमा समिति गठन गरेको छ । समितिमा वसन्त मानसिंह अधिकारी, सुरेश आचार्य, नरप्रसाद थापा, माधव खत्री, हिक्मतजंग भण्डारी, युवती कार्की, उज्वल पोखरेल र राजाराम बर्तौला सदस्य छन् । समितिलाई निर्वाचनको समिक्षा र सुझावसहितको प्रतिवेदन पेस गर्न म्याण्डेट दिइएको छ । पार्टीले आगामी दिनमा संगठन विस्तारलाई ध्यान दिने नीतिसमेत लिएको बर्तौलाले बताए ।



बढ्दो सहरीकरण र रोजगारीलगायतका आवश्यकताले गाउँ रितिने क्रमले लोप हुने चरणमा रहेको फापर खेती गरेर चुट्दै मकवानपुर गढी गाउँपालिकाको ८ नम्बर वडाका किसान । ८ नम्बर वडाको बुढीचौरमा यतिबेला कृषकहरुलाई फापर भित्र्याउने कामको चटारो छ । किसानहरु फापर भित्र्याउन व्यस्त भएको गाउँपालिकाको कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिए । मकवानपुरगढी गाउँपालिकाभित्र उत्पादन भएको अनाज सहकारीमार्फत खरिद बिक्री गरिँदै आएको छ । जसबापत सहकारीहरुलाई गाउँपालिकाले अनुदान उपलब्ध गराउँदै आएको छ । आर्थिक वर्ष २०७७/०७८ देखि कृषि विकास कार्यक्रमअन्तर्गत् अनाज खरिद बिक्री अनुदान कार्यक्रममार्फत पालिकाभित्र उत्पादन भएका धान, मकै, गहुँ, कोदो र फापरलाई सहकारी मार्फत खरिद बिक्री गर्ने व्यवस्था गरिएको हो । *तस्बिर सौजन्य: कृषि विकास अधिकृत चौधरी ।*

# कोइराला भए बागमती प्रदेशकै सर्वोत्कृष्ट प्रहरी

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडामा कार्यरत् प्रहरी वरिष्ठ नायव निरीक्षक उमेश कोइराला कात्तिक महिनामा बागमती प्रदेशकै सर्वोत्कृष्ट प्रहरी घोषित भएका छन् ।

गत मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा प्रदेससभा निर्वाचन प्रदेशभर शान्तिपूर्ण, व्यवस्थित एवम् भयरहित वातावरणमा सम्पन्न गराउन केन्द्रीय नीतिबमोजिम प्रदेशभर प्रहरी जनशक्ति/म्यादी प्रहरी व्यवस्थापन, हातहतियार, संचार साधन र सवारी साधनको योजना अनुसार परिचालन गरेको भन्दै प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक किरण बज्राचार्यले सर्वोत्कृष्ट प्रदेश प्रहरी घोषणा गर्दै पुरस्कृत गरेकी हुन् ।

'महिनाको उत्कृष्ट प्रहरी छनौट कार्यविधि-२०७९' अनुसार उनले निर्वाचनको समयमा तालुक केन्द्रीय निर्वाचन सेलसंग आवश्यक समन्वय गरी समयमै अपुग जनशक्ति र हातहतियारको



व्यवस्थापन गर्नुका साथै निर्वाचन सम्बद्ध अभिलेखहरु दुरुस्त ढंगले तयार गरी नियमित रुपमा सम्भावित सुरक्षा चुनौतीको विश्लेषण एवम् प्रतिवेदनद्वारा निर्वाचन सफलतापूर्वक सम्पन्न गराउन प्रदेश निर्वाचन सेलमा रही सक्रिय सहयोगी भूमिका निर्वाह गरेको उनलाई प्रदान गरिएको प्रमाणपत्रमा उल्लेख छ ।

हेटौंडा-४ चिल्ड्रेनपार्क स्थायी घर भएका कोइराला विगत लामो समयदेखि बागमती प्रदेश प्रहरी कार्यालयमा कार्यरत् छन् ।

# सामूदायिक वनले लैङ्गिक हिंसा विरुद्ध र्‍याली गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ सामूदायिक वन उपभोक्ता महासंघ मकवानपुरले लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियानको सन्दर्भमा मकवानपुरमा सचेतनामूलक र्‍याली गर्ने भएको छ ।

अभियानको क्रममा महासंघले आगामी १५ गते दिउँसो हेटौंडामा सचेतनामूलक र्‍याली गर्ने भएको हो । सामुदायिक वन उपभोक्ता महासंघ जिल्ला कार्यसमिति अध्यक्ष साधुराम चौलागाईले आफू हिंसा नगर्ने र छिमेकीलाई हिंसा गर्न नहुने ज्ञान प्रचारको लागि र्‍यालीले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको बताए ।

लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियानको सन्दर्भमा सरोकारवालाहरूसँग समन्वयात्मक बैठकमा यस्तो जानकारी गराइएको छ । पिछडिएको वर्गको उत्थानका लागि सामुदायिक वनको योगदान महत्त्वपूर्ण रहेको सामुदायिक वन उपभोक्ता महासंघ बागमती प्रदेशको सचिवालय सदस्य रामहरि चौलागाईंले बैठकमा बताए ।

सचेतना मूलक अभियानसँगै सामूदायिक वनले आय आर्जनसंग जोडेर काम गरेको चौलागाईंले बताए । अभियानको क्रममा महासंघले देशको सबै जिल्लामा कार्यक्रम गरिदै आएको चौलागाईंले बताए । बैठक सहभागीहरूले जिम्मेवारी बोझको कारण बढेको हिंसा, आर्थिक अभावको कारण भोग्नुपरेको हिंसाको सवाललाई सम्बोधन गर्ने कार्यक्रम हुनुपर्ने, हर व्यक्तिले सोच तथा व्यवहारमा परिवर्तन ल्याउन सक्दा मात्रै हिंसा न्यूनीकरण हुने वन समितिको अध्यक्षहरूले बताएका थिए ।

कार्यक्रममा हिमराइट्स मकवानपुर प्रमुख कुमारी वाइबा, मकवानपुर महिला समूह कार्यक्रम संयोजक निशा लामा, नारी सीप सिर्जना केन्द्रका कार्यकारी निर्देशक चिरञ्जीवी पौडेलले अभियानको क्रममा गरिने कार्यक्रमबारे जानकारी गराएका थिए ।

कार्यक्रममा अल्पकालीन सेवाकेन्द्र प्रमुख बिन्दा बर्तौला, दलित महिला संघ अध्यक्ष पवित्रा बिश्वकर्मा जिल्ला स्थित विभिन्न सामुदायिक वन उपभोक्ता महासंघका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

# शैक्षिक कार्यक्रम आदानप्रदान गर्ने सम्झौता



साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ हेटौडा क्याम्पसले शैक्षिक कार्यक्रमहरु आदान प्रदान गर्न मकवानपुर जिल्लाका ८ वटा विद्यालयहरुसँग सम्झौता गरेको छ ।

गुणस्तर अभिवृद्धि गर्दै शैक्षिक कार्यक्रमहरु आदान प्रदान गर्न हेटौंडा क्याम्पसले मंगलबार जिल्लामा रहेका ८ वटा विद्यालयहरुसँग सम्झौता गरेको हो । हेटौंडा क्याम्पसले चन्द्रोदय मावि, भुटनदेवी मावि, बालबोध मावि, हर्नामाडीको ज्योति मावि, छतिवनको महेन्द्र मावि, हात्तिसुँडेको बुद्ध मावि, फापरबारीको जनता मावि, बागमतीको जनता माविसँग ६ बुँदे सम्झौता गरेको छ ।

हेटौंडा क्याम्पसले प्राविधिक व्यवस्थापन गर्दै शैक्षिक समन्वय तथा सक्षमताको अभिवृद्धि गर्न विद्यालयको माग अनुसार आवश्यक पर्ने तालिम, गोष्ठी, सेमिनार तथा अन्तरक्रिया संचालन गर्ने सम्झौता भएको छ । विद्यालयमा छोटो अवधिको लागि शिक्षकको आवश्यकता परेमा आपसी समन्वयमा भोलेन्टीयर शिक्षकको व्यवस्था गर्ने, संयुक्त रुपमा दुबै पक्षको आवश्यकता अनुसार अनुसन्धानात्मक कार्यहरु संचालन गर्ने सम्झौता पत्रमा उल्लेख छ । यस्तै, सम्झौता भएका विद्यालयका विद्यार्थीको उच्च शिक्षा प्राप्त गर्ने अधिकारलाई हेटौंडा क्याम्पसले नेपाल सरकारको शैक्षिक नीति भित्र रही विद्यार्थीहरुलाई शिक्षा प्राप्त गर्ने अवसर सिर्जना गर्ने, शिक्षक र कर्मचारी आदानप्रदान कार्यक्रम संचालन गर्ने सम्झौता भएको हो । हेटौंडा क्याम्पसले विपन्न विद्यार्थीहरुलाई विद्यालयको सिफारीस तथा सुझाव अनुसार आवश्यकता र क्षमताको आधारमा छात्रवृत्ति उपलब्ध गराउने भएको छ । त्यसैगरी, नेपाल सरकारको साक्षर नेपाल अभियानलाई सफल पार्न विद्यालय उमेरका तथा क्याम्पसमा अध्ययन गर्ने उमेरका बालबालिकाहरु शिक्षाबाट बञ्चित रहेको पाइएमा त्यस्ता बालबालिकाको पहिचान गरी शैक्षिक संस्थामा प्रवेश गराउन दुबै संस्थाले पहल गर्ने सम्झौता पत्रमा उल्लेख छ ।

# मातृ तथा बाल स्वास्थ्य सेवा क्लिनिकको सेवा संचालनमा



साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ हेटौंडा अस्पतालमा मातृ तथा बाल स्वास्थ्य सेवा क्लिनिकको सेवा संचालनमा आएको छ ।

अस्पतालको पुरानो ओपिडी भवनबाट मातृ तथा बाल स्वास्थ्य सेवा क्लिनिकको सेवा संचालनमा आएको हो । क्लिनिकको बागमती प्रदेशका स्वास्थ्य मन्त्री निमा लामाले उद्घाटन गरेका थिए । स्वास्थ्य कार्यालय मकवानपुरको समन्वय तथा हेटौंडा उपमहानगरपालिका र हेटौंडा अस्पतालको सहयोगमा क्लिनिकको स्वास्थ्य सेवा संचालन गरिएको जनाइएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख दीपक तिवारीले क्लिनिकबाट हरेक दिन मातृ तथा बाल स्वास्थ्य सम्बन्धी सेवाहरु लिन सकिने जानकारी दिए । उनको अनुसार साविकको जनस्वास्थ्य कार्यालयको खोप केन्द्रलाई नै पुन संचालन गरिएको हो ।

क्लिनिकबाट आइतबार बाल खोप, ५ वर्ष मुनिका बालबालिकाको वृद्धि अनुगमन सेवा लिन सकिनेछ । यस्तै, सोमबार गर्भवती जाँच टीडी खोप, उत्तर प्रसुति जाँचको सेवा प्रदान गरिनेछ । मंगलबार परिवार नियोजनको अस्थायी साधन तथा परामर्श उपलब्ध हुनेछ ।

आइतबारदेखि शुक्रबार सम्म नियमित संचालन हुने उक्त सेवाहरु हप्तामा दुईपटक क्लिनिकबाट सेवा लिन सकिने छ । सेवाग्राहीलाई सहज होस् भनेर पुरानै कार्यतालिका अनुसार खोप कार्यक्रमहरु संचालन गरिएको प्रमुख तिवारीले जानकारी दिए । क्लिनिकबाट दैनिक १ सयभन्दा बढी सेवाग्राहीले लाभ लिने स्वास्थ्य कार्यालय मकवानपुरले अनुमान गरेको छ । जसमा ४ जना स्वास्थ्य कर्मचारीहरुले सेवा प्रदान गर्दै आएका छन् ।

# विश्वकपका खेलाडी बोलाउन हेटौंडामा 'वर्ल्डकप पार्क'

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ कतारमा जारी विश्वकप फुटबलमा खेलिरहेका खेलाडीलाई हेटौंडामा ल्याउने महत्वाकांक्षी अभियानको सुरुवात गरिएको छ ।

नेपालमा विश्वकप खेलेका खेलाडी आउने गरेको तथ्य नरहेता पनि हेटौंडामा खेलाडी ल्याउने अभियान चलाउन थालिएको हो । विश्वकपमा सहभागी ३२ राष्ट्रका खेलाडीहरुलाई नेपाल भ्रमणमा आउन निम्तो दिने उद्देश्यले हेटौंडाबाट एष्ट्रोनोभा फाउन्डेसन नेपालले हेटौंडाको सहिद स्मारकमा 'वर्ल्डकप पार्क' निर्माण गरी सन्देश प्रवाह गर्न लागिएको हो ।

फाउन्डेसनले मंगलबार पत्रकार सम्मेलन गर्दै एउटा अभियानको रुपमा सानो प्रयास थालिएको फाउन्डेसनका अध्यक्ष किसन वास्तोलाले बताएका छन् । उनले नेपाल जस्तो प्राकृतिक सुन्दरताको देशमा ३२ राष्ट्रका खेलाडीहरुलाई भित्र्याउने उद्देश्यले निम्तोसहित सञ्चारमाध्यम मार्फत खबर पुगोस्



भन्ने उद्देश्यले यो कार्य थालनी गरिएको बताए ।

उनले फुटबल खेल प्रेमी दर्शकहरुलाई यसको प्यास मेटाउन स्मारक परिसरमा वर्ल्डकप पार्क बनाइएको बताए । यस्तै, जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष भेष खड्गीले राष्ट्रले गर्नुपर्ने काम निजी क्षेत्रले गरेकोमा धन्यवाद दिए । सरोकार निकायसम्म आफुहरुले पनि सञ्चार प्रवाह गर्ने खड्गीले प्रतिवद्धता व्यक्त गरे ।

जिल्ला फुटबल संघका उपाध्यक्ष युवराज भ्लोनले फुटबल निकायले अनिवार्य गर्नुपर्ने कामलाई निजी क्षेत्रबाट सुरु भएकोमा खुसी व्यक्त गर्दै आफुहरुले पनि यसको प्रचार प्रसारमा तत्कालै पहल गर्ने बताए ।

मकवानपुरका पूर्वराष्ट्रिय फुटबल खेलाडी रञ्जन विष्टले पनि नारायणी कलेजको सहयोगमा सुरु गरिएको यो अभियानले विश्वसामु नेपाललाई चिनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिए । उनले निजी क्षेत्रबाट यसरी फुटबल खेललाई प्रचारप्रसार गरि विश्वका चर्चित फुटबलर खेलाडीहरु नेपालमा ल्याउन सके विश्वसामु नेपालको छुट्टै पहिचान बन्ने बताएका छन् ।

# अनेरास्ववियु मकवानपुरको प्रधानमन्त्रीलाई ज्ञापन पत्र

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु), मकवानपुरले प्रधानमन्त्री शेरबहादुर देउवालाई ज्ञापन पत्र पठाएको छ ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी (सिडिओ) राजेन्द्र देव पाण्डेमार्फत प्रधानमन्त्री देउवालाई मंगलबार ज्ञापन पत्र दिइएको हो । अनेरास्ववियु, केन्द्रीय कमिटीको सर्कुर अनुसार अनेरास्ववियु मकवानपुरले बाजुरामा अनेरास्ववियुका नेता चेतन ऐडीको विभत्स हत्या गरिएको घटनाप्रति दोषीलाई तत्काल कारबाही गर्न ध्यानाकर्षण गराएको जिल्ला सचिव पुष्कर तिमल्सिनाले जानकारी दिए ।

बाजुराको त्रिवेणी नगर पालिका वडा नम्बर ७, स्थित मतदान स्थलमा भएको विवादलाई विषयान्तर गरी सत्ता गठबन्धन निकटका युवाहरुले सोही दिन राति आफ्नै घरमा सुतिरहेको बेला अनेरास्ववियु केन्द्रीय कमिटी सचिवालय सदस्य एवम् अनेरास्ववियु सुदुरपश्चिम विश्व विद्यालय राष्ट्रिय कमिटी अध्यक्ष ऐडीको हत्या गरेको अनेरास्ववियुको आरोप छ ।

ऐडीको हत्यामा संलग्नलाई तत्काल पक्राउ गरी कानुन अनुसार कारबाही गर्न प्रधानमन्त्रीलाई ध्यानाकर्षण गराइएको अनेरास्ववियु मकवानपुरका सचिव तिमल्सिनाले बताए । ऐडीको कांग्रेस निकटका युवाहरूले हत्या गरेको भन्दै बाजुरामा निरन्तर आन्दोलन भइरहेको छ ।

अनेरास्ववियुले सरकारले नै हत्यामा संलग्नलाई बचाउन भूमिका खेलेको भन्दै कडा आन्दोलनमा उत्रिने चेतावनी दिएको छ । अनेरास्ववियु देशभर आन्दोलित भएको छ । अनेरास्ववियु मकवानपुरका अध्यक्ष भुवन मैनालीले दोषीलाई कारबाही नगरे हरेक जिल्लामा आन्दोलन चर्किने बताए । ज्ञापन पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी पाण्डेले प्रधानमन्त्री कार्यालयमा पत्र पठाइदिने बताए ।


**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|
| Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| CMA/ANM | Few | Negotiable | TSLC |
| Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



**थप सुविधाका साथ हाम्रा सेवाहरु**

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्धारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६



